जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः ११, अंकः ४८ पृष्ठः ४ | २०८१ जेष्ठ २९ गते मंगलबार (Tuesday 11 June 2024) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## नवराजपुरका पूर्वअध्यक्ष, उपाध्यक्षसहित १४ जनाविरुद्ध भ्रष्टाचार मुद्दा



सिरहा, २८ जेठ। सिरहाको नवराजपुर गाउँपालिकाका पूर्व अध्यक्ष-उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतसहित १४ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरिएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सोमबार पूर्वअध्यक्ष विश्वमोहन प्रसाद यादव, पूर्वउपाध्यक्ष शोभा कुमारी, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत अमरेन्द्र कुसियैतसहित १४ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको हो।

गाउँपालिकाको वडा नम्बर २ मझौरामा मधेश प्रदेश सरकारको सांसद अनुदानबाट राम जानकी दलित आधारभूत विद्यालय मझौरामा अधूरो कार्य पूरा गर्नको लागि दिएको रकमको योजनामा कुनै पनि कार्य नगरी रकम हिनामिना गरेको उनीहरूमाथि आरोप छ।

यस्तै वडा नम्बर ४ का वडा अध्यक्ष मदन यादव र वडा नम्बर ५ का तत्कालीन वडा अध्यक्ष मनोजकुमार यादव वडा नम्बर २ का तत्कालीन वडा अध्यक्ष खुशिलाल साह,

**-बाँकी तीन पेजमा**

## बलात्कार आरोपी उपसचिव साहले गरे प्रहरीसमक्ष आत्मसमर्पण

सिरहा, २८ जेठ। जबर्जस्ती करणी अभियोगमा फरार भएका मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा कार्यरत उपसचिव रुपेशकुमार साहले प्रहरीसमक्ष आत्मसमर्पण गरेका छन्। साहले गत शनिबार नै धनुषा प्रहरीमा आत्मसमर्पण गरेको प्रहरी स्रोतले जनाएको छ।

गत माघ १८ गते साहले मधेश भवनभित्र रहेको सरकारी कर्मचारी क्वाटरमा राति साढे १० बजेतिर 'भगवानको प्रसाद' भन्दै पेडामा नशालु पदार्थ मिसाएर खान दिएर बेहोस बनाई महिलालाई बलात्कार गरेको आरोप छ। पीडित महिलाले गत वैशाख पहिलो साता आफूलाई बेहोस बनाएर बलात्कार गरेको भन्दै प्रहीमा जाहेरी दिएकी थिइन्। जाहेरीपछि धनुषा जिल्ला अदालतबाट साहविरुद्ध पक्राउ पुर्जी जारी भएको थियो। त्यसयता उनी फरार भएका थिए।

सिराहाको बरियारपटी गाउँपालिका-४ तेनुवापट्टी निवासी साह आत्मसमर्पण गरेपछि प्रहरीले अनुसन्धान प्रक्रिया अघि बढाएको छ। साहले पीडितका श्रीमान् नभएको मौका पारेर राति कोठामा गएर नशालु पदार्थ मिसिएको पेडा दिएका थिए।

## युवकमाथि गोली प्रहार

बर्दिवास, २८ जेठ। महोत्तरीमा एक युवकमाथि गोली प्रहार गरी सुनको सिक्री र ब्रासलेट लुटेको छ। महोत्तरीको गौशाला नगरपालिका ११ भरतपुरका ३० वर्षीय मुरारी नामले परिचित विनय कुमार महतोमाथि मरहा खोलामा सोमबार साँझ ६ बजे गोली प्रहार गरी सुनको सिक्री र ब्रासलेट लुटपाट गरेको हो। गौशाला बजार जाँदै गर्दा मरहा खोला पुगेकाबेला मोटरसाइकलमा आएका दुई जना हतियारधारीको समूहले गोली प्रहार गरी लुटपाट गरेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी डीएसपी सन्तुलाल जयसवालले जानकारी दिए।

डीएसपी जयसवालका अनुसार

**-बाँकी अन्तिम पेजमा**

## सेञ्चुरी बैंकका अध्यक्ष सहित आठ जना पक्राउ

काठमाडौं, २८ जेठ। तत्कालीन सेञ्चुरी बैंकका अध्यक्ष राजेश श्रेष्ठसहित आठ जना पक्राउ गरेका छन्। ठगीको मुद्दामा अनुसन्धानका लागि श्रेष्ठसँगै सुनिलकुमार न्यौपाने, प्रा. डा. गीता प्रधान, रमेशकुमार निरौला, रणबहादुर श्रेष्ठ, राजेशकुमार दली, उमाकुमारी श्रेष्ठ र शिवगोपाल रिसाललाई पक्राउ गरेको प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले जनाएको छ। यसअघि कमसल धितोमा बढी कर्जा प्रवाह गरेको आरोपमा गएको फागुन १५ गते तत्कालीन सेञ्चुरी बैंकका प्रमुख कार्यकारी अधिकृत (सीईओ) मनोज न्यौपाने र तुलसी गौतमसहितका कर्मचारी पक्राउ परेका थिए। उनीहरू चैत १ गते हाजिर जमानीमा छुटेका थिए। सेञ्चुरी बैंक प्रभु बैंकमा गाभिइसकेको छ।

## प्रश्नपत्र आउट गराएको आरोपमा टाइम्स कलेजका शिक्षकसहित दुई जना पक्राउ

काठमाडौं, २८ जेठ। कक्षा १२ को प्रश्नपत्र आउट गराएको आरोपमा प्रहरीले डिल्लीबजारस्थित टाइम्स कलेजका शिक्षक सहित दुई जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा टाइम्स इन्टरनेशनल कलेजका शिक्षक बागलुङ घर भएका केशव घिमिरे र पाल्पा रिडिकोट घर भएका २४ वर्षीय विकाश ज्ञवाली छन्। ज्ञवाली ट्युसन पढाउँछन्। वैशाख १४ देखि २६ सम्म सञ्चालित परीक्षामा उनीहरुले ह्वाट्स एपमा ग्रुप बनाएर प्रश्नपत्र आउट गराएको प्रहरीको अनुसन्धान निष्कर्ष छ। उनीहरू विरुद्ध शिक्षा ऐन-२०२८ अन्तर्गतको कसुरमा अदालतबाट ५ दिनको म्याद लिएर अनुसन्धान भइरहेको जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी नवराज अधिकारीले बताए। आधा घण्टा अघि प्रश्नपत्र आउट गरेपछि ह्वाट्स एप ग्रुपमा हेरेर विद्यार्थीहरू परीक्षा हलमा प्रवेश गर्ने गरेको अनुसन्धानमा संलग्न अधिकृतहरू बताउँछन्।




GUPTA BROTHER'S AUTO TRADE
MIRCHAIYA, SIRAHA, 9815732999, 9805973429, 033-550585

## महिला समूहद्वारा न.पा.सँग बजेटसहित योजना माँग



सिरहा, २८ जेठ। सिरहाको धनगढीमाई नगरपालिका र गोलबजार नगरपालिकाका महिला समूहहरुले बजेट निर्माणको पूर्व सन्धयामा आफ्ना योजना सहितको माँग जनप्रतिनधीहरु समक्ष पेश गरेका छन्। शान्ति महिला समूह धनगढीमाईले मेयर शिवशंकर महतो र ज्योति महिला समूह गोलबजारले मेयर श्याम कुमार श्रेष्ठलाई आफ्नो योजना तथा बजेट सहितको माँग बुझाएका हुन्। शान्ति महिला समूह धनगढीमाईले दलित, विपन्न, सीमान्तकृत तथा मुस्लिम महिलाहरुको शिप विकास, जनचेतना र आयआर्जनका लागि बजेट सहितका योजना पालिकाको १४ वटै वडा पालिकामा पेश गरेका छन्।

समूहले आगामी आर्थीक वर्ष २०८१/०८२ को निती तथा कार्यक्रममा बजेटसहित महिला हिंसा, लैङ्गिक हिंसा, जातीय विभेद, बाल विवाह, बहुविवाह, दाईजो प्रथा, परम्पारतग रुढीवादी, कुसंस्कार, कुप्रथा तथा विभेदका विरुद्ध सचेतना अभिवृद्धि सम्बन्धी तालिमको माँग गरेको छ। महिला तथा सीमान्तकृत समूदायको आर्थिक, सामाजिक, अधिकार सुरक्षण तथा सम्वर्द्धन गर्ने उद्देश्यले महिला समूहले चाउमिन बनाउने, सिलाई कटाई, मुढा बनाउने, व्यूटी पार्लर, बुटिक, साबुन, सर्फ, अगबत्ति बनाउने तालिम, ड्राइभिङ्ग, पत्रकारीता तालिम, प्रौढ शिक्षा

**-बाँकी तीन पेजमा**

# सम्पादकीय

## गहिरो अध्ययन र व्यापक छलफल नगरी गाँजा खुला नगर !

नेपालमा गाँजा खेती खुला गर्न अचम्मको राजनीतिक 'एकता' देखिएको छ। प्रतिनिधि सभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको बैठकमा गृहमन्त्रीले महिना दिनभित्र नियमावली बनाएर गाँजा खेतीका लागि कानुनी आधार तयार गर्ने घोषणा नै गरिदिएका छन्। हुन त नेपालमा प्रतिबन्ध लागेपछि पनि अवैधरूपमा लुकिछिपी गाँजा खेती भइरहेकै थियो। तर, गाँजाको खेती, ओसारपसार, बेचबिखन र प्रयोगसमेत दण्डनीय अपराध हुनाले नेपाली समाजका यसको दुष्प्रभाव भने नियन्त्रित नै छ। सम्भवतः यो प्रतिबन्धको सकारात्मक पक्ष हो।

केही वर्षदेखि गाँजा खेती खुला गराउन एकाध जनप्रतिनिधिहरू खुलेरै लागेका देखिएका थिए। लुकिछिपी गाँजा खेती गर्ने क्षेत्रबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरूका लागि गाँजा खेती खुला गर्ने विषय मतदाता आकर्षित गर्ने उपाय बनेको थियो। नेपालमा पनि गाँजामा प्रतिबन्ध लगाउने निर्णय अमेरिकालगायत पश्चिमी राष्ट्रहरू र मूलतः संयुक्त राष्ट्र संघकै अग्रसरतामा भएको थियो। कालान्तरमा औषधीय गुणका कारण गाँजाको नियन्त्रित खेतीका पक्षमा पहिले प्रतिबन्ध लगाउन अग्रसरहरू नै देखिनथालेपछि नेपालमा पनि यसलाई खुला गर्ने दबाब परेको हो। जति नै औषधीय गुणयुक्त भनिए पनि गाँजा लागु पदार्थ नै हो। यस्तै यसको खेती खुला गरिएपछि देशभित्र उपयोग पनि पक्कै ह्वात्तै बढ्नेछ। चर्को बेरोजगारी र असमानता भएको समाजमा विशेषगरी युवावर्गमा लागु पदार्थको कुलत व्यापक हुन्छ। अहिले विकसित पश्चिमी मुलुकहरूका लागि लागु पदार्थको सेवन र अवैध व्यापार सम्भवतः सबैभन्दा चर्को समस्या बनेको छ। गाँजा तिनमा प्रमुख नहोला तर एउटा त पक्कै पनि हो। नेपालमा पनि गाँजा खुला गरेपछि पर्ने दुष्प्रभावका सम्बन्धमा उपेक्षा गर्नु आत्मघाती मूर्खता हुनेछ। यसैले क्षणिक राजनीतिक वा आर्थिक लाभको लोभमा समाजमा पर्नसक्ने दीर्घकालीन दुष्प्रभावको बेवास्ता गरेर गाँजा खेती खुला गर्ने हौसिनु उचित हुँदैन। नेपालको कानुन कार्यान्वयनको अवस्था र राज्यका संयन्त्रमा व्याप्त भ्रष्टाचारलाई पनि यस क्रममा उपेक्षा गर्नु प्रत्युत्पादक हुनेछ। गाँजा खेती खुला गर्ने कानुन बनाउनुपूर्व व्यापक अध्ययन र समाजमा छलफल पनि हुनुपर्छ। हचुवामा गाँजा खेती खुला गर्ने निर्णय भयो भने त्यसबाट समाजमा अपूरणीय क्षति पनि हुनसक्ने हुनाले लहैलहैमा गाँजा खुला गरेर नेपाली समाजलाई गँजेडी नबनाऊ।






# जसपा नेपालको नजरमा कुन पार्टी कस्तो?

## 'आउँदा केही वर्षमा एमालेलगायत कम्युनिस्टहरू पतन भइसक्छन'

काठमाडौं, २८ जेठ। जनता समाजवादी पार्टी नेपालले पहिचानमा आधारित स्वायत्ततासहितको संघीय प्रणाली हुन नसक्नुमा प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसलाई दोष लगाएको छ। सोमबारबाट सुरू भएको एकता महाधिवेशनमा अघि सारिएको राजनीतिक प्रतिवेदनमा कांग्रेसप्रति यस्तो टिप्पणी गरिएको हो। 'यो पार्टीले संसदीय लोकतन्त्रलाई आफ्नो अडान बनाएको छ। संविधानसभाले संविधान बनाउँदा प्रत्यक्ष जननिर्वाचित कार्यकारी राष्ट्रपति र पूर्ण समानुपातिक संसदको व्यवस्था हुन नसक्नुको कारण कांग्रेसको यो अडान पनि थियो। यो पार्टी उत्पीडित जनताको मुक्ति, पहिचान र अधिकारको विपक्षमा छ। संघीय प्रणालीको सही मोडल अर्थात् पहिचानमा आधारित स्वायत्तता सहितको संघीय प्रणाली हुन नसक्नुमा कांग्रेसको ठूलो हात छ,' अध्यक्ष उपेन्द्र यादवले तयार पारेको राजनीतिक प्रतिवेदनमा उल्लेख छ।

कांग्रेस सहभागीतामूलक, समावेशी समानुपातिक लोकतन्त्रको विरूद्धमा उभिने गरेको पनि यादवले आरोप लगाएका छन्। कांग्रेस नेतृत्वको सरकारले नै नेपालमा निरपेक्ष निजीकरण र उदारीकरण सुरूवात गरेको उल्लेख छ। राष्ट्रिय उद्योग धन्दाहरू समाप्त पार्ने, कृषि अनुदान कटौती गर्ने, कृषि प्रधान देशलाई कृषि वस्तुमै परनिर्भर आयातकर्ता बनाउने, श्रम निर्यात गर्ने बाँकी सबै वस्तुहरू विदेशबाट आयात गर्ने, देशलाई निरन्तर व्यापार घाटामा पार्ने रूपमा पनि कांग्रेसलाई व्याख्या गरिएको छ। 'शिक्षा र स्वास्थ्यको अति व्यापारीकरण तथा माफियाकरण गर्ने, भूव्यवस्थाको व्यापारीकरण मार्फत् अव्यवस्थित सहरीकरण र सहरी सुकुम्वासी समस्या सिर्जना गर्ने, नियमक संस्थाहरूको भूमिका कमजोर पार्ने, जताततै मूल्य कार्टेलिङ्ग र सिन्डीकेटलाई प्रश्रय दिने, ठेक्कापट्टा र राजकीय स्रोतमा निश्चित वृत्तलाई मात्र पोस्ने र कमिसन तन्त्रलाई बढावा दिने जस्ता प्रवृत्तिहरू कांग्रेसले संस्थागत गरेको हो,' अध्यक्ष उपेन्द्र यादवले अघि सारेको दस्तावेजमा भनिएको छ।

कांग्रेसको शासनकालमा लाउडा, घमिजा, सुडान जस्ता ठूल्ठूला भ्रष्टाचार काण्ड भएको उल्लेख गरिएको छ। तर कहिल्यै विश्वसनीय छानबिन नभएको दस्तावेजमा औंल्याइएको छ। 'सुशासनको सवालमा यो पार्टीको प्रतिबद्धता व्यवहारमा देखिएन। आज कांग्रेस आफ्नै असक्षमता, अकर्मण्यता र नालायकीको भारले थिचिएको छ। प्रमुख प्रतिपक्षको भूमिका समेत राम्ररी निभाउन नसक्ने गरी थङथिलो भएको छ। तथापि यो पार्टीको देशभरि फैलिएको संगठन र परम्परागत जनमत छ,' प्रतिवेदनमा उल्लेख छ, 'वैकल्पिक लोकतान्त्रिक तथा समाजवादी दलको अभावमा राजावादी र कम्युनिस्टलाई भोट दिन नचाहने जनमतले यो पार्टीलाई भोट दिँदै आएको छ। हाम्रो पार्टीले यो जनमतमाथि उल्लेखनीय हस्तक्षेप गर्नुपर्दछ।' कांग्रेस उदारवादी लोकतान्त्रिक शक्ति भएकाले लोकतन्त्र, राष्ट्रियता र विकासको सवालमा जसपा नेपालले सहकार्य गर्न सक्ने प्रतिवेदनमा उल्लेख छ।

**आउँदा केही वर्ष र दशकभित्रै एमाले लगायत कम्युनिस्टहरू पतन भइसक्छन्**

त्यस्तै नेकपा (एमाले) बारे जसपा नेपालले दस्तावेजमार्फत् धारणा व्यक्त गरेको छ। सत्तारूढ एमाले 'एकैसाथ संसदवादी' र कम्युनिस्ट बन्ने अन्तरविरोधपूर्ण बाटोमा अग्रसर भएको जसपाको टिपण्णी छ। 'नेपाल कम्युनिस्ट पार्टीको स्थापना साम्राज्यवाद विरूद्ध संघर्ष, सामन्तवादको अन्त्य, जहानियाँ राणा शासनको अन्त्य, जनवादी गणतन्त्रको स्थापना सँगै जनवाद, समाजवाद हुँदै साम्यवादी लक्ष्य प्राप्तिको लागि संघर्ष गर्ने उद्देश्यबाट भएको थियो। तर सन् १९९० को दशकमा सोभियत संघको पतनपछि एमालेले 'जनताको बहुदलीय जनवाद' मार्फत् परम्परागत संसदीय प्रणालीको बाटो समात्यो। 'एकैसाथ संसदवादी' र कम्युनिस्ट बन्ने अन्तरविरोधपूर्ण बाटोमा अग्रसर भएको छ,' दस्तावेजमा उल्लेख छ।

पार्टीको स्थापनाकालीन मान्यता, सिद्धान्त र उद्देश्यहरू विश्वव्यापी रूपमा असफल भएपछि नेपाली कम्युनिस्ट आन्दोलन कुहिरोको कागजस्तै भएको जसपाले बताएको छ। 'एकातिर उनीहरू मार्क्सवाद–लेनिनवाद–माओवादप्रति शब्दनिष्ठा व्यक्त गर्न छाडेका छैनन् भने अर्कोतिर यी विचारको सान्दर्भिकता र प्रयोगबारे उनीहरूमा व्यापक अन्योल, अविश्वास, निराशा र हिनतावोध छ,' जसपाको ठहर छ। यही वैचारिक संकटबीच उनीहरुरूले आफूलाई 'दार्शनिक तथा वैचारिक कम्युनिस्ट नभएर केवल राजनीतिक रूपमा मात्र कम्युनिस्ट' भएको बुझिदिन आग्रह गर्दै आएको पनि प्रतिवेदनमा उल्लेख छ।

'एकातिर लोकतन्त्रप्रतिको आफ्नो निष्ठामा शंका नगर्न अनुनय–विनय गर्दछन् भने 'अर्कोतिर 'कम्युनिस्ट–कम्युनिस्ट' को नाममा सामीप्यता र आडभरोसा खोज्न पनि छोडेका छैनन्। एकदलीय सर्वहारा राज्य वा कम्युन प्रणालीलाई मौका पर्नेबित्तिकै गौरव पनि गर्दछन्। यसरी नेपालको कम्युनिस्ट आन्दोलन वैचारिक रूपले अँध्यारो सुरूङभित्रको यात्रा गरिरहेको छ,' दस्तावेजमा उल्लेख छ। दार्शनिक, वैचारिक रूपमा अन्योलग्रस्त र नैतिक रूपमा स्खलित भइसकेको पार्टी संगठनात्मक रूपमा मात्र लामो समय बलियो भइरहन नसक्ने जसपाको निष्कर्ष छ।

आउँदा केही वर्ष वा दशकभित्र कम्युनिस्ट पार्टीहरू भविष्यमा फेरि उठ्न नसक्ने गरी पतनको दिशामा अभिमुख हुने प्रतिवेदनमा निष्कर्ष निकालिएको छ। 'एमालेको राजनीतिक व्यवहार र सञ्चालन गरिरहेको सरकारले यही कुरा पुष्टि गर्दछ। कम्युनिस्ट पार्टीका ठुल्ठूला नेताहरू भ्रष्टाचार, कमिसनतन्त्र तथा नैतिक पतनको घटनामा लज्जास्पद ढंगले उदागिँदै छन्। आर्थिक क्षेत्रमा उदारवाद, नवउदारवादी, नीतिलाई नै निरन्तरता दिइरहेको छ। शिक्षा र स्वास्थ्यको व्यापारीकरण कम्युनिस्ट नेतृत्वको सरकारमा पनि रोकिएको छैन। सम्पत्ति शुद्धीकरण आयोगलाई निष्क्रिय बनाउने तथा ठूला आयोजनाहरू बिनाटेन्डर सिधै सम्झौता गर्न सक्ने प्रकरणको भित्री रहस्य कालो धन र कमिसनतन्त्रसँगको साँठगाँठ हो भन्ने कुरामा कुनै शंका छैन,' दस्तावेजमा ठोकुवा गरिएको छ।

नेपालका कम्युनिस्टहरूले निर्दलीय व्यवस्थाका पञ्चहरू भन्दा पनि तल्लोस्तरका क्रियाकलाप र चरित्रको प्रदर्शन गरिरहेको दस्तावेजमा भनिएको छ। 'वर्तमान संविधान जारी गर्दा बखत कांग्रेससँग मिलेर मधेसी, आदिवासी जनजाति, थारू, मुस्लिम, खस–आर्य, दलित, महिला, पछाडि पारिएका वर्ग आदि आन्दोलनलाई निर्मम रूपले दमन गर्ने, संसदीय शासकीय प्रणाली कायम राख्ने, पहिचान र सामर्थ्यका आधारमा राज्य पुनर्संरचना हुन नदिने नेकपा (एमाले) को प्रत्यक्ष संलग्नता रहेको छ। कम्युनिस्ट आन्दोलनको लोकतान्त्रिकरणको नाममा नेकपा ( एमाले) नेपाली कांग्रेस जस्तै औपचारिक– प्रतिनिधिमूलक संसदीय लोकतन्त्र/उदारवादी लोकतन्त्रको पक्षपाति बन्न पुगेको छ,' दस्तावेजमा उल्लेख गरिएको छ।

एमालेले पहिचान, समानुपातिक समावेशी, सहभागितामूलक तथा प्रत्यक्ष लोकतन्त्र र राष्ट्रिय, जातीय, वर्गीय, लैंगिक मुक्तिको विरूद्धमा उभ्याएको दस्तावेजमा भनिएको छ। 'यस्तो प्रवृत्तिविरूद्ध हाम्रो पार्टीले तीव्र वैचारिक तथा राजनीतिक संघर्ष गर्नुपर्दछ। कम्युनिस्ट समर्थक र तल्लो तहका इमान्दार कार्यकर्ता पंक्तिलाई प्रशिक्षित गर्दै समाजवादी लोकतन्त्र/समाजवादी लोकतन्त्रको मार्गचित्र र कार्यदिशाबारे प्रशिक्षित गर्दै ध्रुवीकृत गर्ने प्रयास गर्नुपर्छ,' दस्तावेजमा उल्लेख छ।

**कांग्रेस–एमालेले धमिल्याएको पानीमा राप्रपा माछा मार्न खोज्दैछ**

जसपा, नेपालले कांग्रेस–एमालेले धमिल्याएको पानीमा राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपालले माछा मार्न खोजेको टिप्पणी गरेको छ। 'राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल पुरातन सम्वर्द्धनवादी धारको प्रतिनिधि पार्टी हो। यो पार्टीले संघीयता, गणतन्त्र, धर्मनिरपेक्षतालाई अन्त्य गरी वंशानुगत राजतन्त्रात्मक शासन प्रणलीको पुनर्स्थापना गर्न चाहन्छ। राप्रपाले आफूलाई राजावादी, हिन्दु राष्ट्रवादी पार्टी भन्न रूचाउँछन्। पुराना शासकवर्ग र परिवार, राणा, शाह र पञ्चायती शासनका हर्ताकर्ता पञ्चहरूको राजनीतिक रक्षाकवचका रूपमा यो पार्टीको उदय भयो,' जसपाले व्याख्या गरेको छ।

राप्रपाले जनताको धार्मिक भावनाको राजनीतिक दोहन गरेर शक्तिमा फर्किन चाहेको पनि बताएको छ। 'यो पार्टी पछिल्लो चुनावमा केही स्थान हासिल पनि गरेको छ। 'महेन्द्रीय राष्ट्रवाद'को पैरवी गर्न राप्रपा धारले बेलाबेलामा कांग्रेस–कम्युनिस्टको असक्षमताको धमिलो पानीमा माछा मार्ने प्रयत्न गर्दछ र राजतन्त्र फर्किने हल्ला पनि गर्दछ। नेपाली जनताको लामो संघर्ष र ठूलो बलिदानको मूल्यमा राजतन्त्रको अन्त्य गरी गणतन्त्र स्थापना भएका छन्। जबकि त्यो फर्किने कुनै सम्भावना नै छैन। तथापि यो पार्टीले छर्ने आवश्यक भ्रमलाई चिर्न हाम्रो पार्टी निरन्तर चनाखो रहनुपर्दछ,' दस्तावेजमा उल्लेख छ।

**लोसपा मित्र शक्ति**

जसपा, नेपालले लोकतान्त्रिक समाजवादी पार्टीलाई मित्रशक्तिको रूपमा चित्रित गरेको छ। लोसपा, नेपाल समावेशीता, राष्ट्रिय पहिचान र अधिकारकारको पक्षधर लोकतान्त्रिक पार्टी भएको बताइएको छ। 'यो पार्टीसँग हाम्रा केही ऐजेण्डाहरू मिल्छन्। तर यो पार्टी देश र जनताको हितमा आफ्नो निर्णय आफैं लिन सक्दैन, अर्काको मुख ताक्ने गर्दछ। तर पनि यो पार्टीसँग सहकार्य गर्न सकिन्छ,' दस्तावेजमा उल्लेख छ।

–बाँकी तीन पेजमा


# गोलबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
गोलबजार, सिरहा
मधेश प्रदेश, नेपाल

### फलफुल बिरुवा वितरण सम्बन्धी सूचना ।

**प्रथम प्रकाशित मिति २०८१/०२/२३**

गोलबजार नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, गोलबजार, सिरहाको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम ५०% अनुदानमा फलफुल बिरुवा वितरण कार्यक्रम रहेको हुँदा सो सम्बन्धमा तपसिलका फलफुल बिरुवा (कलमी) प्राप्त गर्न चाहने इच्छुक किसानहरुले मितिः २०८१/०२/२५ गते देखि मिति २०८१/०२/३१ गतेभित्र निम्नाअनुसारको आवश्यक कागजात सहित गोलबजार नगरपालिका कृषि विकास शाखामा सम्पर्क गर्न यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराईन्छ।

**तपसिलः**

| क्र.सं. | बिरुवाको विवरण | बिरुवाको हाईट | प्रति बिरुवा रु. | कार्यालयको व्यहोर्ने रु. | कृषकले व्यहोर्ने रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आँप (मालदह, बम्बै, दसहरी, अमरपाली आदि) | ५–६ फिट | १६०/– | ८०/– | ८०/– | |
| २ | लिची (सिडलेस) | १.५–२ फिट | १५०/– | ७५/– | ७५/– | |
| ३ | लिची (साही) | २.५–३ फिट | १३०/– | ६५/– | ६५/– | |
| ४ | कागती (सुनकागती) | ४–५ फिट | १५०/– | ७५/– | ७५/– | |

**आवश्यक कागजातहरुको सूची**

१) निवेदन–१
२) बिरुवा लगाईने जग्गाको जग्गाधनी प्रमाण पत्रको प्रतिलिपि पाना थान–१
३) निवेदकको नागरिकता प्रमाण–पत्रको प्रतिलिपि पाना थान–१
४) जग्गा लिजमा लिई फलफूल खेती गर्नेहरुको हकमा सो प्रमाणको प्रतिलिपि पाना थन–१

**–नि. प्रमुख प्रशासकीय अधिकृत**

# गोलबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### गोलबजार, सिरहा
मधेश प्रदेश, नेपाल

## हाटबजार व्यवस्थित गर्ने सम्बन्धी १५ दिने सूचना

**प्रकाशित मिति २०८१ जेष्ठ २२ गते**

गोलबजार नगरपालिका वडा नं. ६, गोलबजारको धमिनि थान मन्दिरदेखि उत्तर र वडा नं. ७ र ८ चोहर्वा बजारको पूर्व पश्चिम लोकमार्गदेखि दक्षिणतर्फ विगत लामो समयदेखि हाटबजार लाग्दै आएको सबैलाई विदितै छ। स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय बजारलाई व्यवस्थित गर्नु स्थानीय सरकारको जिम्मेवारी हो। सोही बमोजिम विगतदेखि नै गोलबजार नगरपालिकाले गोलबजार र चोहर्वामा लाग्ने गरेको हाटबजारको उचित व्यवस्थापन गर्दै आएको सबैलाई जानकारी नै छ। तर केही समयदेखि पूर्व पश्चिम लोकमार्ग नै अवरुद्ध हुने गरी बजार लाग्दै आइरहेको छ।

यसरी नगरपालिकाले तोकेको स्थानमा बजार नलगाई जथाभावी तरिकाले राजमार्ग अवरुद्ध हुनेगरी, सडक पेटीमा अनाधिकृत रुपमा बजार लागेको र सडक आवत जावतमा समस्या उत्पन्न भएको, गाडी अनियन्त्रित भई ठूलो दुर्घटना हुन सक्ने संभावना रहेको र बजारको सौन्दर्यतामा समेत कुरुपता देखिएको भनी विभिन्न समयमा सञ्चार माध्यम, सर्वसाधारण नागरिक, समाजसेवी तथा बुद्धिजीवीहरुबाट गुनासो आउने गरेको छ। स्थानीय सरकार संचालन ऐन, सडक बोर्ड ऐन जस्ता कानूनहरुले समेत यस्तो कार्यमा बन्देज लगाएको एवं राजमार्ग आसपास नै बजार लाग्दा जुनसुकै समयमा पनि ठूलो दुर्घटना भई जनधनको क्षति हुन सक्ने विषयप्रति नगरपालिका अत्यन्त गम्भीर छ।

अतः कानुन बमोजिम राजमार्गको क्षेत्राधिकार संरक्षण गर्नु एवं नगरपालिकाले तोकेको स्थानमा बजार व्यवस्थापन गर्नु सबैको कर्तव्य हो। तसर्थ गोलबजारमा धमिनि थानदेखि उत्तरतर्फ र चोहर्वामा पूर्व पश्चिम लोकमार्गको क्षेत्राधिकारलाई छाडेर दक्षिणतर्फ बजार लगाउने कार्य गर्नु/गराउनुहुन मिति २०८१।०२।१८ गतेको नगर कार्यपालिकाको निर्णयानुसार सम्पूर्ण सरोकारवालाहरुमा यो सूचना प्रकाशित गरिएको छ। अन्यथा प्रचलित कानून बमोजिम हुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै नगरपालिकाको बजार व्यवस्थापन गर्ने सम्बन्धी यस कदमलाई सहयोग गर्नुहुन सबैमा हार्दिक अनुरोध गरिन्छ।

## नवराजपुरका...

गाउँपालिकाका लेखापाल सोमप्रसाद आचार्य, इन्जिनियर कृष्णा साह र सव-इन्जिनियर सन्तोषकुमार यादव, तत्कालीन योजना शाखा प्रमुख रमेशकुमार निधि, तत्कालीन जिन्सी प्रमुख संजयप्रसाद यादव विरुद्ध पनि मुद्दा दायर भएको आयोगका सहसचिव एवम प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए।

उनका अनुसार उपभोक्ता समितिका अध्यक्ष लक्ष्मीनारायण मुखिया, कोषाध्यक्ष घुरनीदेवी मण्डल र सचिव रामभरोस मुखिया मलाह विरुद्ध पनि मुद्दा दायर भएको छ। उनीहरूसँग जनही १४ लाख ५१ हजार ५५१ बिगो मागदाबी गरिएको छ।

## जसपा नेपालको

नेपालमा कम्युनिस्ट घेराभित्रै नेकपा (एकीकृत समाजवादी), नेकपा ( मसाल), नेकपा, नेमकिपा, माले दल रहेको जसपा, नेपालले बताएको छ।

यी दलहरू वा त शास्त्रीय साम्यवादको धङधङीबाट ग्रस्त वा त नेकपा (एमाले) कै उपग्रही विचार बोक्ने भएको उसको ठहर छ। 'राष्ट्रिय स्वतन्त्र पार्टी, नागरिक उन्मुक्ति पार्टी जस्ता नयाँ दलहरूले विकास, सुशासन, समृद्धि र सुसंस्कृत राजनीति नभएको चिन्ता व्यक्त गर्दै छन्। यो सकारात्मक कुरा नै हो। तर, यी दलका विचार के हुन ? र केकस्ता ऐजेण्डा बोक्ने हुन्। त्यो प्रष्ट छैन। केही नयाँ गरौं भन्ने हुटहुटीले यी दल बनेका हुन सक्छन्। यिनीहरूलाई धैर्यतापूर्वक बुझ्ने, पर्खने गर्नुपर्दछ। यसका साथै गलतबाटोतर्फ न जाउन् भनेर वैचारीक संघर्ष पनि जारी राख्नुपर्दछ,' दस्तावेजमा उल्लेख छ।

जसपाले मधेसबाटै उदाएको अर्को शक्ति जनमत पार्टीको भने केही उल्लेख गरेको छैन। जसपा नेपालबाट विभाजन भई गठन भएको जनता समाजवादी पार्टीबारे दस्तावेजमा केही पनि उल्लेख छैन। अध्यक्ष यादवले पार्टी विभाजित नभएको दाबी गर्दै आएका छन्। यसबारे उनले दिएको मुद्दा सर्वोच्च अदालतमा विचाराधीन छ। सेतोपाटीबाट

## महिला समूहद्वारा...

तालिमा माँग गरेका छन्।

समूहद्वारा पेश गरिएको योजनामा किशोर किशोरीको नेतृत्व विकास तालिम, सल बनाउने, कम्प्यूटर तालिम, कृषि तालिमको समेत माँग गरिएको छ। समूहले नगरपालिकाको आगामी आर्थिक वर्ष २०८१/०८२ को वर्षिय नीति, कार्यक्रम तथा योजनामा समावेश गरी आवश्यक स्रोत विनियोजन गरिरिदिनहुन अनुरोध गरेको छ। समूहले यस योजनाहरुका लागि १४ वटै वडाका तीन हजार दुई सय भन्दा बढी महिलाहरुलाई सहभागी गराउने र त्यसका लाग ६० लाखभन्दा बढी अनुमानित बजेट समेत प्रस्तुत गरेको छ।

त्यसैगरी, गोलबजारको ज्योति महिला समूहले पनि चारहजार दुई सय महिलाहरुलाई विभिन्न तालिम र सचेतना कार्यक्रममा सहभागी गराउने र त्यस्ता तालिम तथा सचेतना कार्यक्रमको लागि ६० लाख बजेट आवश्यक पर्ने योजना सहितको बजेट पेस गरेको छ। धनगढीमाई नगरपालिकाका मेयर महतोले महिलाहरुले ल्याएका योजनाहरुको सरहाना गर्दै आगामी बजेटमा प्रस्तुत कार्यक्रमहरुको लागि आवश्यक बजेट विनीयोजन गर्ने र योजना कार्यन्वयनमा महिला समूहहरुलाई पनि सहभागी गराउने प्रतिबता जनाए।

त्यसैगरी, गोलबजार नगरपालिकाका मेय श्याम श्रेष्ठले पालिकाले यस्ता योजनाहरुमा काम गरिरहेको बताउँदै आउँदा दिनहरुमा ज्योति महिला समूहलाई नै थोरै भएपनि योजना सञ्चालनको जिम्मा दिने प्रतिबद्धता गरे। दलित महिला केन्द्र नेपालले शान्ति महिला समूह धनगढीमाई र ज्योति महिला समूहको क्षमता अभिवृद्धि काममा सहयोग पुर्याउँदै आएको छ ।


## सेतो पुतली देखि सावधान रहौं

**शापू कस्तो रोग हो ?**

शापू एक दृष्टिनाशक रोग हो । विशेष गरी नेपालको मध्य पहाडी भेगमा शापू महामारीको रूपमा देखिने गरेको छ । यो रोगको लक्षणहरू देखापरेको ४८ देखि ७२ घण्टा सम्म उपचार हुन नपाए आँखाको दृष्टि गुम्न सक्छ । यो सबै उमेरमा देखिन्छ विशेषगरी बालबालिकामा बढी देखिन्छ ।

**शापू रोग के कारणले लाग्छ ?**



हालसम्म सेतो पुतली (मोथ) लाई शापूको कारक मानिएको छ तथापि कतिपय अवस्थामा भने सेतो पुतलीको संसर्गमा नआएका बिरामीहरूलाई पनि यो रोग देखा परेको छ । अन्य जीवाणु र बिषाणुले समेत यो रोग लागेको पाइएको छ ।

**शापू रोगका लक्षणहरू के-के हुन् ?**



- एक्कासि एउटा मात्र आँखा रातो हुनु र चिप्रा नलाग्नु
- उज्यालोमा हेर्न नसक्नु
- आँखा दुख्नु
- उपचारमा ढिलो भएमा कालो नानीमा सेतो देखिनु
- आँखाको दृष्टिमा तत्कालै कमी हुनु

**शापूको रोकथामा कसरी गर्ने ?**

- सेतो पुतलीको संसर्गबाट टाढै रहने
- धेरै उज्यालो सेतो बत्ती नबाल्ने
- साँझ र राती झ्याल ढोका बन्द गर्ने
- सम्भव भएसम्म झ्याल ढोकामा जाली हाल्ने
- सुत्ने कोठामा बत्ती निभाएर वा मधुरो बत्ती बालेर झुल लगाएर सुत्ने

समयमै उपचार भएमा यो रोग निको हुन्छ तर ढिला हुन गएमा बिरामीको दृष्टि गुम्न वा आँखा सुकेर जान सक्छ । यो रोग लागेको शंका लागेमा तुरुन्तै अस्पताल वा आँखा उपचार केन्द्र जाऔं । आफूखुसी औषधी वा जडिबुटिको प्रयोग नगरौं ।

**कर्जन्हा नगरपालिका, सिरहा**


# भजाइनल सिस्टको कारण र उपचार




**डा. सविता थापा**
प्रसूति तथा स्त्रीरोग विशेषज्ञ


**पाठेघरमा मासु पलाएको सुन्नुभएको होला। तर के तपाईंलाई थाहा छ योनीमा पनि मासु पलाउन सक्छ ?**

योनीमा मासु पलाउने समस्यालाई चिकित्सकीय भाषा 'भजाइनल सिस्ट' भनिन्छ। जसको बेलैमा पहिचान भयो भने सहजै उपचार हुन्छ। तर ढिलाइ भयो भने अवस्था नाजुक बन्न सक्छ।

**के हो भजाइनल सिस्ट ?**

योनी वा यसको वरपर तरल पदार्थले भरिएको गाँठो पलाउनुलाई 'भजाइनल सिस्ट' भनिन्छ। यो सानो, ठूलो र कुनै पहिचान गर्ने नसकिने अति सानो आकारको देखा पर्न सक्छ। प्रायः प्रसबको समय, बच्चा जन्माइसकेका र रजोनिवृत्ति भएपछि यो समस्या देखिन सक्छ।

**कारण**

यो समस्याको कारण एउटा मात्र छैन। चोटपटक, संक्रमण र हर्मोनल परिवर्तनले हुनसक्छ।

**चोटपटक :** प्रसबको समयमा बच्चा निस्किने क्रममा शल्यक्रिया गर्दा वा योनीको भित्तामा चोटपटक लागेर निस्कन सक्छ। यो समस्या आकस्मिक हुनसक्छ, जसको रोकथाम हुन सक्दैन।

**ग्रन्थीमा अवरोध :** चोटपटक वा संक्रमणको कारण योनीमा चिप्लोपन गराउने बार्थोलियन ग्रन्थीमा अवरोध आई तरल पदार्थ जम्मा हुँदा मासु पलाउन सक्छ। जसलाई चिकित्सकीय भाषामा बार्थोलियन सिस्ट भनिन्छ। तुलनात्मकरुपमा यो सिस्ट सबैभन्दा बढी देखिन्छ।

**संक्रमण :** यौन प्रसारित रोग जस्तै गोनोरिया र क्याल्मडियामा हुने कीटाणुले पनि योनी वा त्यसको वरपर मासु पलाउन सक्छ। त्यसैले यौन सम्बन्ध कायम राख्दा कण्डमको अनिवार्य प्रयोग गर्नुपर्छ।

**जन्मजात :** कसैमा भने यो सिस्ट जन्मजात पनि हुनसक्छ। के कारणले देखा पर्छ भन्ने ठोस कारण पत्ता लागिसकेको छैन।

**लक्षण**

योनीमा मासु पलाउने बित्तिकै लक्षण देखाउँछ भन्ने हुँदैन। जुन स्वास्थ्य परीक्षण गर्दा बल्ल थाहा हुन्छ। कतिपय अवस्थामा भने केही लक्षण देखापर्छ।

- योनीको वरपर मासुको डल्ला पलाउनु
- यौन सम्बन्ध राख्दा, हिंड्दा, बस्दा, शौच गर्दा, टिस्यु पेपरले सफा गर्दा र टयाम्पुनको प्रयोग गर्दा दुख्ने र पोल्ने हुनसक्छ।
- ज्वरो आउन सक्ने।

**पहिचान**

- यो पहिचान गर्न सबैभन्दा पहिला आकार हेरिन्छ। आकारअनुसार कस्तो जाँच गरिने भन्ने तय हुन्छ।
- कतिपय अवस्थामा क्यान्सर हो कि भनेर पहिचान गर्न बायोस्पी पनि गरिन्छ।
- त्यस्तै, यौन संक्रमण हो कि भनेर पहिचान गर्न त्यसमा भएको तरल पदार्थको जाँच गरिन्छ।
- जन्मजात 'सिस्ट' बढेको छ भने त्यसको आकार कहाँसम्म फैलिएको छ भनेर एमआरआई गरेर हेरिन्छ।

**उपचार**

- यदि सानो गाँठो छ भने सहन सक्ने तातो पानीले सेक्दा पनि बस्न सक्छ। संक्रमणको कारणले हो भने केही एन्टिबायोटिक औषधि प्रयोगसँगै शल्यक्रिया हुन्छ।
- परीक्षणमा शंकास्पद र आकार ठूलो भएमा सानो शल्यक्रिया गरेर पनि हटाउन सकिन्छ।

**के यसको रोकथाम हुन्छ ?**

- योनीमा मासु पलाउने समस्याको रोकथाम गर्न सकिंदैन। तर सरसफाइमा ध्यान दिने, सुरक्षित शारीरिक सम्बन्ध राख्दा जोखिम कम भने हुनसक्छ।

**जटिलता**

- यदि संक्रमणको कारण सिस्ट देखिएको छ। समयमा उपचार भएन भने उक्त सिस्टबाट संक्रमण रगतमा फैलिन सक्छ।
- त्यसबाहेक पिसाबको नली, पाठेघर हुँदै पेटसम्म फैलिन सक्छ। त्यसैले योनीमा कुनै शंकास्पद गाँठो, मासुको डल्लो जस्तो छाम्दा अनुभव हुन्छ भने तुरुन्त सम्बन्धित चिकित्सकलाई देखाइहाल्नुपर्छ।

नेपाल सरकार
भूमि व्यवस्था, सरकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

**मालपोत कार्यालय**
लहान, सिरहा

**३५ दिने सार्वजनिक सूचना**

**मिति : २०८१/०२/२७**

उप्रान्त जि.सि. लहान न.पा.-४ बस्ने सुनर महतोको नाति बौधि महतोको छोरा काशिन्द्र महतोले हाम्रो आमा तर्फको हजुरबुवा किसन महतोको नाममा जि.सि. लहानबजार वार्ड नं. ३ कि.नं.४ ज.वि. ०-१५-१० जग्गा सर्वे नाप नक्सा भएको तर उक्त जग्गा छुटमा परेको र हजुरबुवा किसन महतोको मिति २०४३।६।९ मा मृत्यु भईसकेको निज हजुरबुवा किसन महतोको एकमात्र पत्नी तथा आफ्नो एकमात्र हजुरआमा सुनरी देवी महतोको मिति २०५५।४।१० मा मृत्यु भईसकेको निज मृतकहरूको हक खाने छोराको जायजन्म नभई एकमात्र छोरी आफ्नो आमा जहरी देवी महतो रहेकोमा निज जहरी देवी महतोको मिति-२०३८।१।३ मा मृत्यु भईसकेको निज जहरी देवि महतोको एकमात्र छोरा तथा किसन महतोको हक खाने छोरी तर्फको एकमात्र नाति आफू कासिन्द्र महतो मात्र रहेकोले आमा तर्फको हजरबुवा किसन महतोको नाममा सर्वे नाप नक्सा भएको माथि उल्लेखित जग्गा, छुट जग्गा दर्ता गरी आफ्नो नाममा एकलौटी नामसारी गरी पाउँ भनि कासिन्द्र महतोले द.नं. १३०२९ मिति २०८१।१।१३ मा माग निवेदन गरेकोमा उक्त छुट जग्गा दर्ता गरी निवेदक कासिन्द्र महतो को नाममा एकलौटी नामसारी गरिदिंदा कोहि कसैको हक हिस्सा, जोतभोग, वा स्वामित्वमा फरक असर पर्ने भए बाटो म्याद बाहेक ३५ दिन भित्र स-प्रमाण सहित यस कार्यालयमा उपस्थित हुन आउनु होला अन्यथा कानून बमोजिम भई जानेछ भनी सरोकारवालाहरूमा सूचित गराईन्छ।

**-कार्यालय प्रमुख**

# नगरबासीलाई 'फ्री बिजुली, फ्री पानी'



**शिव पुरी**

रौतहट, २८ जेठ। मौलापुर नगरपालिकाले नगरबासीले उपभोग गरेको बिजुली र पानीको पैसा तिरिदिने गरेको छ। नगरपालिकाले सोमबार मात्रै बिद्युत महशुल वापतको रकम भुक्तानी गऱ्यो। नगरप्रमुख रिनादेवी साहले स्थानीय जनताले वर्षभरि उपभोग गरेको बिद्युत महसुलको तेश्रो किस्तावापत ४५ लाख २६ हजार रकम बिद्युत प्राधिकरणलाई भुक्तानी गरिदिएको बताइन्। उनले नगरबासीले प्रयोग गरेको बिद्युतको महसुलवापत्को सो रकम प्राधिकरणका मौलापुर शाखा प्रमुख दिनेश यादवलाई हस्तान्तरण गरेकी हुन्। नगरपालिकाले विगतदेखि नै 'फ्री बिजुली, फ्री पानी' कार्यक्रम सञ्चालन गर्दै आएको छ।

झन्डै ५ वर्षदेखि स्थानीयको घरायसी मिटर र कृषि मिटर वापतको सम्पूर्ण रकम नगरपालिकाले तिर्दै आएको नगरप्रमुख साहले जानकारी दिइन्। 'यो कार्यक्रमले जनता खुशी छन्,' उनले भनिन्, 'जनताकै सेवा सुविधाको लागि कार्यक्रम ल्याइएको हो।' चालु आर्थिक वर्षमा मात्रै कुल ३ करोड ४३ लाख ५० हजार रकम बुझाइसकेको नगरप्रमुख साहले जानकारी दिइन्।

# आँपको गुणस्तर कायम गर्नका लागि कतिबेला टिप्ने ?

काठमाडौँ, २८ जेठ। नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) ले आँपको गुणस्तर कायम गर्नका लागि मध्य बिहान र बेलुकीपख आँप टिप्न सुझाव दिएको छ। नार्कले सार्वजनिक गरेको कृषि-मौसम सल्लाह बुलेटिन अनुसार धेरै बिहान आँप टिप्दा पानीको मात्रा बढी बग्न गई फलको गुणस्तर बिग्रने हुँदा मध्य बिहान र बेलुकीपख मात्र टिप्न सुझाव दिइएको हो। नेपाली बजारमा हालको समय स्वदेशी उत्पादन आउने समय हो। आँपको फल टिप्दा चोटपटक लागेर हुने नोक्सानी न्यूनीकरण गर्न पोल हार्वेस्टरको



प्रयोग गर्न समेत सो बुलेटिनमा सुझाव छ। फल टिपेलगत्तै सफा पानीले भेट्नोबाट आएको चोप सफा गर्न नार्कले भनेको छ। यस्तै, बगैँचामा रोग तथा कीरा लागेर झरेका आँपका दानाहरूबाट विभिन्न रोग तथा कीराहरू सर्ने सम्भावना हुने भएकोले झरेका दानाहरूलाई टिपेर नष्ट नार्कको सुझाव छ।

# गण्डकीका मुख्यमन्त्री पाण्डेलाई विश्वासको मत



काठमाडौं, २८ जेठ। नेकपा (माओवादी केन्द्र) को चिन्हबाट चुनाव जितेका फणिन्द्र देवकोटाले समेत मत दिएपछि गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले विश्वासको मत पाएको छ। सोमबारको प्रदेश सभामा भएको मत विभाजनमा देवकोटाले माओवादी संसदीय दलको 'ह्विप' विपरीत 'फ्लोर क्रस' गर्नुभएको छ। मत विभाजनमा मुख्यमन्त्री पाण्डेको पक्षमा ३१ सांसदको मत परेको सभामुख कृष्णप्रसाद धितालले जानकारी दिए।

यसअघि अल्पमतमा परेर मुख्यमन्त्रीको पद गुमाएका पाण्डेलाई सोमबार भने राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का दुई जना र स्वतन्त्र सांसद राजीव गुरुङ अर्थात् दीपक मनाङेले पनि मत दिएको थियो। यस्तै नेकपा एमालेका २२ र माओवादीका ६ सहित २८ जना सांसदले पाण्डेको विपक्षमा मत हालेका छन्। आफ्नो पार्टीको 'ह्विप' नमानेको भन्दै माओवादीले सांसद फणिन्द्र देवकोटालाई कारबाही गर्ने चेतावनी दिइसकेको छ।

# एसइईको नतिजा असार दोस्रो साताभित्र

भक्तपुर, २८ जेठ। राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजा असार दोस्रो साताभित्र सार्वजनिक गर्ने गरी काम भइरहेको जनाएको छ। सोमबार संचारकर्मीसंग कुरा गर्दै परीक्षा नियन्त्रक नन्दलाल पौडेलले कार्यालयले तयार पारेको कार्ययोजनाअनुसार उत्तरपुस्तिका परीक्षण र अङ्कभार प्रविष्ट गराउने काम सकिएको जानकारी दिए।

उनले कार्ययोजना अनुसार काम भइरहेकाले असार दोस्रो साताभित्र नतिजा सार्वजनिक गर्ने गरी अन्य काम तीव्र गतिमा भइरहेका बताए। 'हामीले उत्तरपुस्तिका परीक्षण र अङ्क अभिलेखको काम सकेका छौँ। प्राविधिक त्रुटि नदेखिए केही दिन अगाडि नै नतिजा प्रकाशित गर्न र कुनै समस्या भए दोस्रो साताभन्दा पर नजाने गरी काम भइरहेको छ। कर्मचारीका विभिन्न समूह बनाएर काम भइरहेकाले निर्धारित समयमै नतिजा सार्वजनिक गर्छौं,' उनले भने। उनले ५२ वटा परीक्षण केन्द्रमा उत्तरपुस्तिका परीक्षण गरिएको जानकारी समेत दिए।

गत वर्ष असार २४ मा एसइईको नतिजा सार्वजनिक गरेको बोर्डले यस वर्ष १४ दिन अगावै नतिजा सार्वजनिक गर्ने गरी तयारी गरेको भन्दै परीक्षा नियन्त्रक पौडेलले यस वर्ष सैद्धान्तिक र प्रयोगात्मकलाई फरक गरेर सार्वजनिक गरिने बताए। यस वर्षको नतिजामा विद्यार्थीले सैद्धान्तिक तर्फ ७५ अङ्कको परीक्षामा ३५ प्रतिशत अर्थात् २७ अङ्क अनिवार्य ल्याउनै पर्ने अन्यथा फेल भए सरह मानिने बताए। गत चैत १५ गतेदेखि सुरु भएको यस वर्षको परीक्षामा नियमिततर्फ चार लाख ६७ हजार र ग्रेड वृद्धितर्फ २१ हजार विद्यार्थीले परीक्षा दिएका छन्।

# ठगी गरेको अभियोगमा पक्राउ

पोखरा, २८ जेठ। नेपाली सेनामा भर्ति गराइदिन्छु भन्दै नगद १ लाख ७० हजार रूपैयाँ ठगी गरेको अभियोगमा पोखरा महानगरपालिका-५ पर्स्यायाङ बस्ने २७ वर्षीय घर्मराज थापालाई प्रहरीले पक्राउ गरेको छ। थापाले आफूलाई पोखरामा रहेको आर्मी फिटनेस सेन्टरको संचालक बताउँदै नेपाली सेनाको माथिल्लो तहका हाकिमलाई चिनेको भनी बाग्लुङ घर भएका १९ वर्षीय युवकलाई नेपाली सेनामा भर्ती गराईदिन्छु भनि झुट्ठा आश्रुवासन दिलाई पटक पटक गरी उक्त रकम ठगी गरेको भन्ने सूचनाको आधारमा वडा प्रहरी कार्यालय बैदामबाट खटिएको प्रहरीले थापालाई पोखरा महानगरपालिका-५ जिरोबाट पक्राउ गरेको हो। उनलाई ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाभ (एक्सटर्सन) सम्बन्धी कसूरमा जिल्ला अदालत कास्कीबाट१० दिन म्याद थप अनमुति लिई प्रहरीले आवश्रुयक अनुसन्धान गरिरहेको जनाएको छ।

# १० महिनामा विदेश पढ्न जानेले १ खर्ब ४ अर्ब रुपैयाँ खर्च गरे



काठमाडौं, २८ जेठ। १० महिनामा विदेश पढ्न जाने नेपाली विद्यार्थीले एक खर्ब चार अर्ब रुपैयाँ खर्च गरेका छन्। गएको वर्ष भने जम्मा ७५ अर्ब १४ रुपैयाँ खर्च भएको थियो। नेपाल राष्ट्र बैंकले प्रकाशन गरेको चालू आर्थिक वर्षको साउनदेखि वैशाखसम्मको १० महिनाको वित्तीय विवरणअनुसार अहिले विदेश पढ्न जाने विद्यार्थीबाट भएको खर्च झन्डै २९ अर्ब रुपैयाँले धेरै हो। समग्रमा विदेशमा भ्रमण र पढ्न जाने नेपालीले १० महिनामा एक खर्ब ५६ अर्ब ९५ करोड रुपैयाँ खर्च गरेका छन्। यस्तै भ्रमण आय अर्थात् विदेशीले नेपालमा १० महिनामा ६९ अर्ब ४१ करोड रुपैयाँ खर्च गरेका छन्। अघिल्लो वर्षको १० महिनामा विदेशीले नेपालमा ५१ अर्ब ३७ करोड रुपैयाँ मात्रै खर्च गरेका थिए।

**डढेलोबाट बचौं र बचाऔं।**

सानो असावधानीले डढेलोबाट जंगलमात्र होईन, आसपासका बस्तीसमेत उजाड हुन सक्छन् त्यसैले,

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं, गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग आगो निभाऔं,
- जंगल र बस्तीका बीचमा अग्निरेखा निर्माण गरौं,
- जंगलमा आगो लगाउने व्यक्तिका बारेमा प्रहरीलाई खबर गरौं,
- आगो निभाउन जाँदा सुरक्षाका उपाय अवलम्बन गरौं,
- जन, धन र वनको संरक्षण गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## युवकमाथि...

कम्मरमा गोली लागेर घाइते भएका महतोलाई उपचारको लागि जनकपुर पुऱ्याएको छ। घटनास्थलमा दुईवटा गोली फेला परेको छ। दुई वटा भने फायर भएको पाइएको छ। घटनाबारे थप अनुसन्धान गर्दैगोली प्रहर गर्नेको प्रहरीले खोजी गरिरहेको जनाएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)